**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 263-271**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69463**

# विचलित वर्तमान नाटकमा सांस्कृतिकता
# Culturalism in Disturbing Current Drama

[1] *डा. कान्छी महर्जन*
Kanchhi Maharjan, PhD

[1]Assistant Professor of Nepali, Tribhuvan University, Saraswati Multiple Campus, Kathmandu, Nepal
*[(Email: maharjankanchi@gmail.com) ORCID: https://orcid.org/0009-0001-6975-7226]*

**Article History:** Received 27 Nov. 2023; Reviewed 25 Jan. 2024; Revised 14 March 2024; Accepted 9 May 2024.

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*The research article explores how culturalism is depicted in Veda Kumari's play "Disturbed Present" (2058). The culture of Nepali society as expressed in the play is analyzed through both the dimensions of dramatic events and stage direction. Using a deductive research method and based on the theoretical concepts of culture and culturalism, the study examines the inherent cultural elements in the dramatic narrative and the reflected cultural aspects in stage direction. Primary and secondary sources have been collected to study and analyze the underlying culture in dramatic narratives, including lifestyle and popular beliefs, cultural concepts and behaviors related to women, class-differentiated cultural concepts, political behaviors and concepts, the use and behavior of folk songs, and socio-cultural customs. These materials are organized in an explanatory and analytical manner. The article focuses on the cultural behavior of Nepali society portrayed in the play, concluding that the cultural expression of Nepali society is strongly conveyed through both the dramatic narrative and stage direction in disturbed present.*

***Keywords:*** *Bad traditions, folk beliefs, cultural customs, social behavior, social harmony*

## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेखमा संस्कृतिलाई निर्वाह गर्ने व्यवहार सांस्कृतिकता वेदकुमारीको नाटक विचलित वर्तमान (२०५८)मा केकसरी चित्रित गरिएको छ ? भन्ने सन्दर्भमा केन्द्रित रही नाटकीय घटनाक्रम र रङ्गनिर्देश दुवै आयामबाट उक्त नाटकमा व्यक्त नेपाली समाजको सांस्कृतिकताको विश्लेषण गरिएको छ । यस लेखकमा संस्कृति र सांस्कृतिकताको सैद्धान्तिक अवधारणालाई आधार बनाई विचलित वर्तमान नाटकको अध्ययन र विश्लेषण गरिएको हुँदा यसमा निगमनात्मक शोधविधिको प्रयोग भएको छ । नाटकलाई नाटकीय कथ्यमा अन्तर्निहित सांस्कृतिकता र मञ्चीय निर्देश पक्षमा प्रतिध्वनित सांस्कृतिकताका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । नाटकीय कथ्यमा अन्तर्निहित सांस्कृतिकताको अध्ययन र विश्लेषण गर्न जीवनशैली र जनविश्वास, महिलासम्बन्धी सांस्कृतिक अवधारणा र व्यवहार, वर्गीय विभेदयुक्त सांस्कृतिक अवधारणा, राजनीतिक व्यवहार र अवधारणा, लोकगीतको प्रयोग र व्यवहार, सामाजिक सांस्कृतिक चलन र व्यवहार तथा जीवनशैलीमा प्रतिध्वनित सांस्कृतिकतालाई सैद्धान्तिक आधार बनाई प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीहरूलाई व्याख्यात्मक र विश्लेषणात्मक ढङ्गले व्यवस्थापन गरिएको छ । विचलित वर्तमान नाटकले चित्रण गर्न*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 263-271**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69463**

*खोजेको नेपाली समाजको सांस्कृतिक व्यवहारको पक्षमा केन्द्रित रही लेख तयार पारिएको छ । प्रस्तुत नाटकमा नाटकीय कथ्यका साथै रङ्गनिर्देश दुवै आयामबाट नेपाली समाजको सांस्कृतिकताको प्रकटीकरण सशक्त रूपमा भएको छ निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जीः*** *कुपरम्परा, जनविश्वास, सांस्कृतिक चलन, सामाजिक व्यवहार, सामाजिक सद्भाव ।*

## विषयपरिचय

साहित्यक मानसिक छटपटीको उपयुक्त निकासा हो । साहित्यमार्फत साहित्यकारले आफ्ना मनका अमूर्त भावहरूलाई शब्दका माध्यमबाट व्यक्त गरेका हुन्छन् । पीडा, छटपटी र उर्लंदो बाढीको एउटा निकास हो साहित्य । पहाडबाट वर्षादका उर्लेको बाढी समुद्रमा पुगेपछि शान्त भाव ग्रहण गरेझैं हो साहित्य । मनको भावको निकास नै पहिलो उद्देश्य हो शायद साहित्यको (पोखरेल, २०५८, पृ.३) । साहित्यमा मनको भावका साथसाथै त्यहाँ समाजका अन्य पक्षको पनि अभिव्यक्ति हुन्छ किनभने साहित्यकार पनि त्यसै समाजको एक सदस्य नै हुन्छन् ।

साहित्यको अनेक विधामध्येको एक प्राचीन र समृद्ध विधा मानिने नाटक एक प्रदर्शनकारी कला हो । नाटक पनि साहित्यका अन्य विधाझैं जीवनका लागि, समाजका लागि, जनताका लागि वा कलाका लागि प्रकट हुने साहित्य भए तापनि यसका अभिनय तत्त्वको अनिवार्यता हुन्छ । नाटकमा पाठचभाग मात्र भएर हुँदैन, यसमा दृश्यात्मकता पनि हुनुपर्दछ । यसका लागि भावावेगमा तीव्रता हुनु आवश्यक हुन्छ । नाटकमा चरित्रको माध्यमबाट मानव मूल्य या मानवीय सत्य उद्घाटित हुन्छ । मानवीय मूल्य वा सत्य मात्र होइन नाटककारले व्यक्त गर्न खोजेको हरेक कुरा नाटकमा चरित्रको माध्यमबाटै प्रकट हुने गर्दछ । वास्तवमा नाट्यकला एउटा सिर्जनात्मक अभिव्यक्तिको त्यो रूप हो, जहाँ चरित्रको अनिवार्यतालाई कुनै नाटककारले नकार्न सक्तैन । “नाटकको सिर्जन प्रक्रिया अभिनेयतासँग सम्बद्ध हुन्छ, त्यो भनेको चरित्रको निर्माण हो । नाटकमा त्यसैको माध्यमबाट मानवीय मूल्य वा हरेक अनुभूति व्यक्त भएको हुन्छ” (पोखरेल, २०५८, पृ.५) । संवाद तथा नाटकारले प्रत्यक्ष दिएको रङ्गनिर्देशमार्फत् अगि बढ्ने चारित्रिक विशेषतासँगै नाटकीय कथ्य गतिशील हुन्छ । यस क्रममा नाटकको साहित्यिक आयामको संरचना तयार हुन्छ । सामाजिक पीडा, मावनीय चेतना, राष्ट्र र राष्ट्रियतादेखि राजनीतिक चेतना, सांस्कृतिकता आदि हरेक कुरा हाम्रै समाजका उपज हुन् । यी नै नाटकका वस्तुविधानमा आउनु स्वाभाविक हुन्छ । नाटचरचनाको विषयवस्तु यही समाज नै हो । यसैकारण नाटकको विषय राष्ट्रचेत, जीवनचेत, सांस्कृतिक चेत, मानवीय जीवनभन्दा पर हुँदैन । यस लेखमा वेदकुमारी न्यौपानेको *विचलित वर्तमान* नाटकमा प्रतिबिम्बित सांस्कृतिकतालाई प्रकाश पार्ने काम गरिएको छ ।

### अध्ययनको विधि

प्रस्तुत लेखको प्राज्ञिक समस्याको प्रामाणिक निदानका लागि मुख्यतः दुई किसिमका सामग्रीहरूको सङ्कलन गरिएको छ । विश्लेषणको आधार सामग्रीका रूपमा सोद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी नाटककार वेदकुमारी न्यौपानेद्वारा लिखित *विचलित वर्तमान* पूर्णाङ्की नाटकलाई चयन गरिएको
छ । संस्कृति र सांस्कृतिकताको सैद्धान्तिक आधार निर्माणका लागि द्वितीयक सामग्रीका रूपमा संस्कृतिको विषयलाई प्रकाश पारिएका लेख, समालोचनालगायतका सामग्रीहरू रहेका छन् । यी दुवै प्रकृतिका सामग्रीहरूको सङ्कलन पुस्तकालयीय पद्धतिद्वारा गरिएको छ । सङ्कलित सामग्रीलाई सांस्कृतिकताका विविध मानकका आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । प्रस्तुत अनुसन्धानात्मक लेख वर्णन, व्याख्या तथा विश्लेषण विधिको प्रयोग गरी तयार पारिएको छ । यसमा सांस्कृतिकताको सैद्धान्तिक मानकका आधारमा नाटककै साक्ष्यको अध्ययन र विश्लेषण गर्ने हुँदा निगमनात्मक शोधविधिको प्रयोग भएको छ । कृतिपरक विश्लेषणमा आधारित भएकाले प्रस्तुत लेखको अध्ययनविधि गुणात्मक प्रकृतिको रहेको छ । नाटकमा चित्रित सांस्कृतिकताको विश्लेषणका लागि निम्निलिखित आधारहरू प्रस्तुत गरिएको छ :

१. नाटकीय कथ्यमा अन्तर्निहित सांस्कृतिकता
   - जीवनशैली र जनविश्वास

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 263-271**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69463**

- महिलासम्बन्धी सांस्कृतिक अवधारणा र व्यवहार
- वर्गीय विभेदयुक्त सांस्कृतिक अवधारणा
- राजनीतिक व्यवहार र अवधारणा
- लोकगीतको प्रयोग र व्यवहार
- सामाजिक सांस्कृतिक चलन र व्यवहार
- जीवनशैलीमा प्रतिध्वनित सांस्कृतिकतालाई

२. मञ्चीय निर्देश पक्षमा प्रतिध्वनित सांस्कृतिकता

## सैद्धान्तिक पर्याधार

संस्कृति मानवीय मूल्य र मान्यतासँग सम्बिन्धत हुन्छ । यो एउटा मानवीय सभ्यताको विकाससँगै बन्दै, भोग्दै र मान्दै आएको थिति हो । "संस्कृति धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको आचारविचार, रहनसहन आदिका माध्यमले राष्ट, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तनमनन, भौतिक अभिव्यक्तिहरू समेतको समूह वा साधन हो" (त्रिपाठी तथा दाहाल, २०६९, पृ.१२०९) । संस्कृति एक प्रकारको परम्परा हो, जुन लामो समयको चापप्रतिचापबाट निर्माण हुन्छ । मानिस जुन युगमा जन्मिए पनि ऊ एउटा संस्कृतिभित्र बाँधिएको हुन्छ । "संस्कृति एकैदिनमा निर्माण हुने कुरा होइन । यसको एउटा लामो परम्परा हुन्छ" (पोखरेल, २०५८ पृ.१७) । राष्ट्रअनुसार, ठाउँअनुसार, भूगोलअनुसार संस्कृति फरकफरक हुन्छ किनभने मान्छेले बाँच्ने जीवनशैली सबैको कहाँ समान हुन्छ र ? आफ्ना पूर्वजले मानिआएका मूल्य र मान्यतासँग संस्कृति सम्बन्धित हुन्छ । लोकजीवनको महत्त्वपूर्ण पाटो संस्कृति हो । संस्कृतिबाटै कुनै विशेष जातिको कला, वेशभूषा, खानपान, सभ्यता, ज्ञान, विश्वास, व्यवहार, धर्म तथा दैनिन्दिन व्यवहार प्रतिविम्बित हुने गर्दछ । यसैले संस्कृतिलाई लोकजीवनको परिचाय र पहिचान भनेको हो । "भौतिक जीवनको विकाससँगै हुर्कने साझा मानिसक सभ्यता नै संस्कृति हो । जन्मसंस्कारदेखि मृत्युसंस्कारसम्मका सबै सामाजिक कार्यहरूलाई संस्कृतिभित्रै लिइन्छ" (प्रभात, २०७९, पृ.१) । संस्कृतिभित्र लोकजीवनको सामाजिक व्यवहार, आचारण, धारणा, विश्वास, खानपिन, भेषभूषा, रहनसहन, चाडपर्व, जात्रा मेला, उत्सवदेखि संस्कारगत सांस्कृतिक व्यवहार पर्दछन् । यसरी हेर्दा संस्कृति व्यष्टिदेखि समष्टिसम्म व्याप्त विशिष्ट पहिचान हो । संस्कृति मानव समाजको सामाजिक, पैतृक, भौगोलिक तथा वंशानुगत पुर्ख्यौली सम्पत्ति हो । संस्कृतिले नै राष्ट्रिय, क्षेत्रीय तथा जातीय मौलिकता प्रदर्शन गर्दछ । "संस्कृति एउटा यस्तो तत्त्व हो, जसले एक जैविक प्राणी मानवलाई सामाजिक प्राणीमा परिवर्तन गर्न विशेष क्रियात्मक भूमिका खेलेको हुन्छ" (पौड्याल, २०७९, पृ.१) । मानिसको जीवनमा एक प्रकारको सांस्कृतिक रस उत्पन्न गरी सामाजिकता प्रदान गर्ने कार्य संस्कृतिले गरेको हुन्छ । यसैकारण "संस्कृतिको पहिचान जातिको आत्म-ज्ञान हो" (आचार्य, २०५४, पृ.६२) भनिन्छ । व्यक्तिले आफ्नो राष्ट्रिय र जातीय अनुहार अर्थात् पहिचान अरुबाट पृथक् वा समान देखाउने आधार नै संस्कृति हो । संस्कृति जाति र राष्ट्रलाई अमर तत्त्व दिलाउने जीवनको त्यो पद्धति हो, जसको अभावमा त्यसको अवसान अवश्यम्भावी छ (जोशी, २०२८, पृ.१) । कुनै पनि व्यक्ति, समाज या राष्ट्रको जीवन संस्कृतिमा निर्भर रहन्छ ।

प्रत्येकले संस्कृतिलाई आफ्नो पहिचान र गरिमाको विषयवस्तु मानी आएकाले नै आज यो वैज्ञानिक युगमा पनि संस्कृति संरक्षणप्रतिको मोह सबै जातजातिमा देख्न सकिएको हो ।

> मानिसको जीवनशैली, तिनका खानपिन, तिनका वेशभूषा, आभूषण, गरगहना, रहनसहन, चाडपर्व, अनुष्ठान वा जन्मदेखि मृत्युसम्म गरिने विभिन्न कार्यहरू, मनोरञ्जन गर्ने तौरतरिकाको पद्धति र प्रक्रिया, मठमन्दिर, देवीदेवता, कुलदेवताजस्ता विषय संस्कृतिभित्र पर्दछन् । ती संस्कृतिलाई कसरी निर्वाह गर्ने गरिन्छ, त्यो व्यवहार सांस्कृतिकताभित्र पर्न आउँछ (कक्षपती, २०७६, पृ.२८८) ।

यसअर्थमा हेर्ने हो भने संस्कृति भौतिक र अभौतिक गरी दुई प्रकारका देखिन्छन् । "दरबार, मठ, मन्दिर, घर, मूर्ति, स्मारक आदि भौतिक संस्कृतिका उदाहरण हुन्" (तुलाधर तथा वज्राचार्य, २०७०, पृ.१३) । भौतिक संस्कृति समाजको भौतिक निर्माणसँग सम्बद्ध हुन्छ । "सामान्य चर्मचक्षुका माध्यमबाट दृष्टिगोचर हुने वस्तु र त्यसको पालन गर्ने आचरण एवम्

**Vol. 5, No. 2, July 2024. Pages: 263-271**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69463**

व्यवहारलाई मूर्त संस्कृति भनिन्छ" (पौड्याल, २०७९, पृ.७) । प्रत्यक्ष देख्न र पहिचान गर्न सकिने गरी आकारमा प्रस्तुत भएका मठमन्दिर, पाटी, पौवा, सत्तलआदि मूर्त तथा भौतिक संस्कृति हुन् । भौतिक स्वरूप नभएका सामाजिक मूल्य, मान्यता, परम्परा, विश्वास, भाषा, संस्कार, चाडपर्व, जात्रा उत्सव, लोकसाहित्य, बुद्धि, सीप, ज्ञान, कलाकौसल, सामाजिक संगठन आदि सबै अभौतिक संस्कृति हुन् । "प्राकृतिक शक्तिमा दैवीशक्तिको प्रत्यारोपण गर्ने सामाजिक चेतना समग्रमा अमूर्त संस्कृति हो" (पौड्याल, २०७९, पृ.७) । अदृश्य शक्तिका आभाबाट प्रतिबिम्बित हुने मनोगत चिन्तनका आलोकमा मनमा धारणा बनाउने संस्कृति अमूर्त वा अभौतिक संस्कृति हो । यो मनोगत धारणा वा सोचाइ भएकाले मूर्त आकारगत रूपमा देखिँदैन तर इन्द्रियबाट चाहिँ बोध गर्न सकिन्छ । अभौतिक तथा निराकार स्वरूप अमूर्त संस्कृति हो । लोकजीवनले तयार पारेको मनोगत धारणा, सिद्धान्त र व्यवहार नै अमूर्त संस्कृति हो । यसरी हेर्दा संस्कृतिभित्र लोकविश्वास, जनजीवन, रहनसहन, खानपिन, चाडपर्व, धार्मिक उत्सवजस्ता अमूर्त सांस्कृतिक पक्षमात्र होइनन्, मठमन्दिर, सत्तल, पौवा, ढुङ्गे धाराजस्ता भौतिक सांस्कृतिक पक्ष पनि समेटिएका हुन्छन् ।

आजको एक्काइसौँ शताब्दीको उत्तरार्धको समयमा आइपुग्दा यहाँ विविध कारणले मूर्त सांस्कृतिक सम्पदाको अतिक्रमण र दोहनको क्रम बढ्दो देखिन्छ । यसले गर्दा यसको नकारात्मक प्रभाव अमूर्त सांस्कृतिक चेतनामा समेत परेको छ । यसैले आज सांस्कृतिक संरक्षणका निम्ति एक प्रकारको जागरणको आवश्यक छ । नेपाली नारी नाटककारले नाटचरचनामा नेपाली सांस्कृतिक व्यवहारको चित्रण गरी त्यसको संरक्षण र संवर्द्धनमा एक प्रकारले सचेतना दिन खोजेको देखिन्छ ।

## *विचलित वर्तमान* नाटकमा चित्रित संस्कृति र सांस्कृतिकता

नाटकको विषयवस्तु समाज नै हो । यसैकारण यसमा सामाजिक जनजीवन, रहनसहन, वेशभूषा आदि संस्कृतिको प्रकटीकरण हुन्छ नै । नाटकीय कथ्य, संवाद, घटनाक्रम, प्रत्यक्ष रङ्गनिर्देश, रङ्गसामग्री आदिमा संस्कृति र सांस्कृतिकता प्रस्तुत हुने हुँदा यिनैलाई आधार बनाएर यहाँ वेदकुमारी न्यौपानेको *विचलित वर्तमान* नाटकमा प्रस्तुत सांस्कृतिकताको अध्ययन गरिएको
छ ।

### नाटकीय कथ्यमा अन्तर्निहित सांस्कृतिकता

नाटकको कथावस्तुको मुख्य स्रोत समाज नै हो । समाजकै विषयवस्तुअन्तर्गत समाजकै पात्र, सामाजिक जनजीवन, खानपान, रहनसहन, वेशभूषा, नाचगाना, मेलापात, चाडपर्व, जनविश्वास आदि नाटकीय कथ्यमा समावेश गरिएका हुन्छन् । नाटकमा पात्रको संवादमार्फत् अगाडि बढ्ने घटनाक्रमसँगै गतिशील हुने नाटकीय कथ्यका आधारमा सामाजिक जीवनशैलीको अवधारणा र व्यवहारको अध्ययन यहाँ गरिएको छ ।

नाटककार वेदकुमारी न्यौपानेद्वारा लिखित *विचलित वर्तमान* (२०५८) नाटक लेखनमा दृष्टिले तेस्रो भएका तापनि प्रकाशनका दृष्टिले दोस्रो नाटक हो । प्रस्तुत नाटक तीन अङ्कमा संरचित छ । *रमेश र ज्योतिको निधारमा टीका र गलामा माला देखिन्छ* (पृ.३) । नाटककारले नाटकको आरम्भका दिएको यस रङ्गनिर्देशमा पनि सांस्कृतिकता देखिन्छ । ग्रामीण भेगको झल्को दिने घर भौतिक संस्कृतिअन्तर्गत पर्दछ । दुलहा र दुलहीबिच टीकाटालो हुँदा दुवै पक्षका सदस्यबिच हुने सांस्कृतिक व्यवहार यसमा चित्रित छ । भनिन्छ विवाह केवल केटा र केटीबिच हुने सांस्कृतिक व्यवहार मात्र होइन, यसले दुई परिवारका सदस्य र आफन्तबिच पनि एक प्रकारको सांस्कृतिक व्यवहार र सम्बन्धको सिर्जना गर्दछ । त्यसैले यस्ता सांस्कृतिक व्यवहार गर्दा आफन्तको उपस्थिति प्रायः अनिवार्य हुन्छ । निधारमा टीका र गलामा माला हुनुले शुभ सांस्कृतिकतालाई सङ्केत गर्दछ । केटा पक्ष र केटी पक्षको कुरा मिलेपछि विवाहको कुरा टुङ्गो लगाउन हुने औपचारिक सांस्कृतिक चलन टीकाटालो कार्यक्रमको चित्रण छ । नेपाली समाजमा टीकाटालो हुनुलाई विवाहको पहिलो चरण मानिन्छ । यसपछि समाजले तिनको सम्बन्धलाई मान्यता दिन्छ । यस कुरालाई निम्न संवादले पुष्टि गर्दछ : *आफूले टीकाटाला गरिदिएपछि र छोरीको मनले वरण गरिसकेपछि ...कन्यादान नभए पनि भए सरह हो ! (पृ.४) ।* यसमा टीकाटालो हुँदा नजिकका आफन्तलाई बोलाएर खुवाउने चलनको पनि चित्रण छ । पतिवियोगमा ज्ञानुले विधवा जीवन बिताउनुपरेको छ । *तिम्रो पुछिएको सिँदूरले..*(पृ.१८) । यसले पतिको मृत्युपछि पत्नीले सेतो परिधान लगाई नीरस जीवन बिताउनुपर्ने नेपाली सांस्कृतिक व्यवहारको चित्रण गरेको छ । कुनै-कुनै सांस्कृतिक व्यवहार र अवधारणाहरू समयसँगै परिवर्तन हुनुपर्दछ भन्ने

Vol. 5, No. 2, July 2024. Pages: 263-271
ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)
DOI: 10.3126/ijmss.v5i2.69463

कुराको उठान यसमा छ । नाटकको अन्त्यमा विश्वनाथले विधवाको पुनर्विवाहको पक्षमा बोलेका छन् यद्यपि नेपाली समाजमा विधवाले पुनर्विवाहहरू गर्नुहुँदैन भन्ने अवधारणा देखिन्छ । *सबैले यस्तै कुरा बुझेर माया गर्ने जोडीलाई पवित्र बन्धनमा बाँधिदिने हो भने ... र विधवाको उमेर र भावनाअनुसार समाजे बाँच्न दिने हो भने ...हलोको सियोमा बच्चाको लास भेटिँदैनथ्यो होला नि !*
(पृ.१२७) । कुपरम्पराले सिर्जना गरेका कतिपय सामाजिक-सांस्कृतिक व्यवहारलाई परिवर्तन गर्दै लगेमा माथिको कथनमा व्यक्त भएजस्ता सामाजिक-सांस्कृतिक विकृति कम हुने कुरामा कसैको दुई मत नहोला ।

संस्कृति र परम्परा पुस्तौँपुस्ताबाट हस्तान्तरित हुँदै आउने हुँदा यसमा समायनुकूल परिवर्तनशील गुण हुन्छ नै । त्यसैकारण यहाँ राजनजस्ता पढेलेखेका शिक्षित युवाहरू *पुराना विचार, पुराना मान्यता र पुराना व्यवस्थाहरूलाई समयअनसार बदल्दै लैजानुपर्छ...* (पृ.५) भन्दछन् । यसरी परिवर्तित परम्परा पनि कालान्तमा गएर संस्कृतिको रूपमा विकसित हुन्छ तर समाजमा बसेका थिति र परम्पराको तुरुन्तै परिवर्तन सम्भव छैन किनभने आफ्ना पूर्वजबाट प्राप्त गरेका यस्ता परम्पराप्रति मानिसमा एकप्रकारको अपनत्व र मोह हुन्छ । यसैकारणले आजसम्म संस्कृति जीवन्त रहन सकेको हो । तुलनात्मक रूपमा वृद्ध मानिसमा आफ्नो संस्कृतिप्रति बढी झुकाव रहन्छ । त्यसैकारण उनीहरू नयाँ थिति र परम्परालाई सहर्ष स्वीकार गर्न सक्तैनन् । यहाँ तीर्थ यही कित्तामा उभिने पात्र हुन् । उनी भन्छन् *समाजमा जरो गाडेर बसेको विचार, मान्यता र व्यवस्थालाई तिमीहरू दुई चार जना छाउराहरूको भ्यागुतो ऊफ्राइले बदलिँदैन* (पृ.५) । सांस्कृतिकता सामाजिक व्यवहार हो र यो समयसँगै सहज रूपमा परिवर्तित हुँदै अगाडि
बढ्छ ।

## जीवनशैली र जनविश्वास

नेपाली समाजमा पाहुनालाई देवतासरह मानेर आतिथ्य सत्कार गर्ने परम्परा छ । यहाँ नयाँ र पुराना पुस्ताबिच विवाद बढ्दै गएको स्थितिमा त्यसको समाधानका लागि सबैमा विश्वनाथले यही कुराप्रति ध्यानाकर्षण गराएका छन् । उनी भन्छन् : *पाहुना मान्न आएकालाई यस्तो भन्नुहुन्छ ? समाजमा बसेपछि सबैसँग मेलमिलाप राखेर बस्नुपर्छ* (पृ.६) । मानिसको आपसी सद्भाव र मेलमिलापले गर्दा समाजमा सामाजिक भावको विकास हुने हो । यही सामाजिक भावले मानवीय जीवन र सांस्कृतिकता जीवन्त रहन सकेको हो ।

## महिलासम्बन्धी सांस्कृतिक अवधारणा र व्यवहार

नेपाली समाजमा सांस्कृतिक व्यवहारमा लैङ्गिक विभेद देखिन्छ । तुलनात्मक रूपमा भन्नुपर्दा महिलाहरूका सांस्कृतिक व्यवहार र कामको चाप बढी कठोर र श्रमशील देखिन्छ । यस नाटकमा बुहारी ज्ञानुमार्फत् समाजको यस पाटोको उजागर भएको छ । *बरु बिहेको लगन कहिलेलाई छ, निधो गर्न पाए हुन्थ्यो । यसो सरसामान जुटाउँदै गर्नुहुन्थ्यो ... । आइमाईको काम त धेरै पो हुन्छ त ! घर लिपपोत गर्नपर्‍यो...चामल चिउरा कुट्नुपर्‍यो, दुना टपरी गाँस्नुपर्‍यो, आइमाईको नाउँमा म एउटी छु ...काम भने कति छ कति...?* (पृ.८) । मुख्यतः घरायसी काम, घाँसपात, ढिक्की जाँतो र मेलापातमा, पारिवारिक सदस्यको हेरविचार आदि आम नेपाली महिलाका सामान्य जिम्मेवारी हुन् । कुनै विवाह, जात्राउत्सव आदिमा खटाइपूर्ण जिम्मेवारी महिलाकै भागमा बढी रहन्छ । नेपाली समाजको संरचनाअनुसार पुरुषले घरव्यवहारको आर्थिक पाटालाई हेर्नुपर्दछ । त्यसैले यहाँ विश्वनाथको चिन्ता ज्ञानुको भन्दा फरक छ । *यहाँ हातमा चारपैसा छैन, बिहे आँटिया छ...! लत्ता कपडा, गरगहनाको अत्तोपत्तो छैन, दुना टपरीको पीर !* (पृ.८) । यसबाट नेपाली समाजमा लैङ्गिक रूपमा सामाजिक, सांस्कृतिक, पारिवारिक काम, कर्तव्य र जिम्मेवारीको बाँडफाँड र निर्वाह अघोषित रूपमा शदियौँदेखि हुँदै आइरहेको देखिन्छ । अर्थको जिम्मा पुरुषको हातमा हुने हुँदा महिला सदैव आर्थिक गतिविधिका लागि पुरुषमा नै निर्भर रहनुपर्ने देखिन्छ । नेपाली समाजमा सामाजिक तथा सांस्कृतिक रूपमा महिलासम्बन्धी व्यवहारमा भिन्नता छ भन्ने तथ्यलाई विश्वनाथको निम्न भनाइले प्रामाणिक गर्छ : *किन झस्क्यौ ? लोग्नेमान्छेले चाहिँ साठी वर्षमा स्वास्नी मर्दा पनि बिहे गर्न हुने, आइमाईले चाहिँ अठार वर्षमा विधवा हुनु पर्दा पनि त्यत्तिकै गुम्सिएर, छटपटिएर, अनेक मानसिक यातना र सामाजिक प्रताडना सहेर त्रासै त्रासमा बाँच्नु पर्ने ? ऊ मान्छे हैन ?*
(पृ.१०३) । यसबाट नेपाली समाजमा नारीलाई मान्छेको दर्जामा राखेर सामाजिक तथा सांस्कृतिक व्यवहार नगरिएको

यथार्थको उजागर भएको छ । यसले नेपाली समाजको सांस्कृतिकता लैङ्गिक विभेदपूर्ण छ भन्ने प्रष्ट पार्दछ *। यो जस्तो कञ्जुस मान्छे अरु कोही देख्या छैन मैले ! आफूलाई लुगा हाल्यो भने स्वास्नीलाई पनि किनिदिनुपर्छ भनेर च्यातिएकै लाएर हिँड्छ, तै किन्दैन ...* (पृ.६१) । यसले पनि नेपाली समाजमा नारीको परिनिर्भरतायुक्त व्यवहारलाई देखाइएको छ ।

## वर्गीय विभेदयुक्त सांस्कृतिक अवधारणा र व्यवहार

नेपाली समाजको सामाजिक संरचनाका साथसाथै सांस्कृतिक अवधारणा र व्यवहारमा समेत वर्गीय विभेदयुक्त देखिन्छ । आर्थिक दृष्टिले सम्पन्न शोषक वर्ग र श्रमजीवी शोषित वर्गबिच सामाजिक र सांस्कृतिक व्यवहारमा पृथकता देखिन्छ । चर्को ब्याजदरमा ऋण दिएर सोझासाझा गाउँलेको घरखेत निल्न खोज्नु शोषक वर्गको व्यवहार हो भने दिनरात परिश्रम गर्दा पनि दुई छाक पेटभरि नखाएर पनि बेलैमा ऋण तिर्न पैसा जम्मा गर्न नसक्दा गणेशजस्ता सामन्तीका अगाडि दुईहात जोडेर म्याद थप माग्नु मंगलेजस्ता शोषितको सामाजिक व्यवहार यसमा आएको छ । मंगले गणेशको खुट्टा समात्दै भन्दछन् : *म गरीबलाई दया गर्नोस् हजुर ! मलाई यसरी सुकुम्वासी नबनाउनोस्* (पृ.९३) । पैसा नै सबै थोक मानेर व्यवहार गर्ने गणेश दयामायाले पैसाको कारोबार हुँदैन मंगले (पृ.९३) कठोर रूपमा प्रस्तुत हुन्छन् । शोषितले बढी श्रम गरे तापनि ऋण समयमै तिर्न नसक्दा साहुबाट अमानवीय व्यवहारको भोक्ता बन्नुपर्ने नेपाली समाजको सांस्कृतिकताको चित्रण यसमा पनि भएको छ ।

## राजनीतिक व्यवहार र अवधारणा

यसमा राजन, विश्वनाथलगायतका पात्रमार्फत् राजनीतिक व्यवहार अगाडि आएको छ । तानाशाही निरङ्कुश शासनव्यवस्था र सोचको विरोध र विद्रोह राजनीतिक रूपमा भन्नुपर्दा २००७ सालदेखि सशक्त रूपमा आमसमक्ष प्रकट भएको हो । यहाँ 'मेरो भन्नु' भन्ने नाटककारको अभिव्यक्तिमा *यस नाटकमा २०४६ देखि २०५६ सम्मको कालखण्डको राजनीतिक व्यवहार प्रस्तुत विचलित रहेको कुरा २०४६ देखि २०५६ सम्मको कालखण्डमा समाज र राष्ट्रको गति कतातिर उन्मुख भयो र समाजको कायापलट गर्ने सपना देखाउने नेताहरूका प्रवृत्तिहरू कस्ता रहे ? प्रत्येक वर्तमान विचलित रह्यो र अझै विचलित नै रहेको छ । स्थिरता र शान्ति अझै हामीबाट टाढै छ र हाम्रो मानसिकता अझै चिन्ताजनक नै रहेको छ भन्ने आफ्नो अनुभव र अनुभूतिबाट यो नाटक लेखेकी हुँ* भन्नेबाट पनि यसमा राजनीतिक व्यवहार सशक्त रहेको ज्ञात हुन्छ । विश्वनाथ र राजनमा सच्चा निःस्वार्थ राजनीतिक भावना देखिन्छ । *देशले केही देला भनेर ...म सात सालमा लडेको थिइनँ.. र मेरो नाति पनि केही पाउँला भनेर अहिले छातीमा गोली थाप्न गएको थिएन । त्यो एउटा आस्था हो ...विचार र भावना हो ..जसले मानिसलाई भित्रैदेखि केही गर्न प्रेरित गराउँछ ...छातीभित्रको ज्यानको भन्दा देशको माया बढी भएपछि ...मनले त्यही बाटो डोर्‍याउँदो रहेछ ...*(पृ.२२) । सच्चा राष्ट्रसेवकहरू देशबाट केही पाउनका लागि होइनन्, देशका लागि केही गर्न प्राण उत्सर्ग गर्न पनि पछि नपर्ने सच्चा राजनीतिक व्यवहार र अवधारणा यहाँ प्रकट छ तर विडम्बना त्यहाँ रमेश, सुरेशजस्ता पात्रहरू पनि छन्, जसले राजनीतिलाई अकुत धनसम्पत्ति कमाउने माध्यम बनाएका छन् । यसले गर्दा राजनीतिमा विसङ्गति र विकृति देखिएको छ । यस्तो राजनीतिक व्यवहारले गाउँको सामाजिक वातावारणसमेत दुषित पारेको कुरा नाटकमा विश्वनाथमार्फत् अगाडि आएको छ । *त्यही त भन्या ! बिना मेसै मेरो पार्टी यस्तो, तेरो पार्टी उस्तो ! फलाना ऊ पार्टीको ...! ढिस्काना त्यो पार्टीको ...भनेर पधेरैमा कपाल लुछालुछ गर्छन्, मेलापातमै पाखुरा सुर्कन्छन्..., घाँस दाउरामै हतियार उठाउँछन्... । भाइभाइमा पानी बाराबार छ...के भन्नु !* (पृ.३२) । सोझासाझा गाउँलेहरू नेताको स्वार्थलाई राम्ररी नबुझ्दा सामाजिक सद्भाव बिगारिरहेका छन् । *राजनीति गर्ने नेताहरू जुन पार्टीका भए पनि आपसमा हातेमालो गरेर हिँडेका होलान्... एक अर्काको गिलासमा गिलास ठोकेर वियर तानिरहेका होलान्...! यहाँ राजनीतिको 'र' पनि थाहा नभएका आइमाई-केटाकेटी र सोझासाझालाई भड्काएर फुट ल्याइरहेछन्...* (पृ.३२) । राजनीतिक आस्था राष्ट्र र जनताको सेवाभावले आरम्भ भए तापनि अहिले आएर यसलाई केवल आफ्नो स्वार्थ र शक्तिका लागि प्रयोग गर्दा जनतामा यसप्रति वितृष्णाको भाव दिनानुदिन बढ्दै गएको देखिन्छ । राजनीतिमा लागेर मन्त्री समेत भएका रमेशले अन्त्यमा राजनीतिमा स्वार्थको फोहेरी खेल हुने यथार्थलाई स्विकार्दै भनेका छन् : *हुन पनि यो राजनीति भन्ने कुरा अनौठो हुँदो रहेछ सुरेश ! कसैको भरोसा र विश्वास हुँदो रहेनछ । कुनै बेला त्यही हातले उचाल्दो रहेछ, कुनै बेला त्यही हातले पछार्दो रहेछ ।*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 263-271**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69463**

*आफ्नो स्वार्थका लागि अर्कालाई प्रयोग गर्दा रहेछन् स्वार्थीहरू* ... पृ.११७) । यही स्वार्थको खेलमा लाग्दा रमेश आफ्नै गाउँका साथीभाइसँगको आत्मीयता, विश्वास र सम्मान सबै गुमाउनुपरेको छ । राजनीनिक सांस्कृतिकतामा विसङ्गति र विकृति आउनुमा नेताहरूको मात्रै दोष देखिँदैन । नेपालमा अधिकांश जनता राजनैतिक रूपमा सुसंस्कृत र मतको महत्त्व नबुझेका र बुझेपनि सीमित स्वार्थमा बिक्ने परिपाटीका देखिन्छन्, यसको फाइदा नेताहरूले उठाइरहेको राजनीतिक व्यवहारलाई यसरी प्रष्ट पारिएको छ : मतको किनबेच भएपछि..., मतको अर्थ नबुझी अर्काको भनाइमा लागेर मत दिएपछि कसरी ठीक र सही उम्मेदारले जित्ने ? यसैले गर्दा पैसा हुनेले मतदान केन्द्रमा कब्जा गरेर चुनाव जित्नका लागि जे पनि गर्न सक्ने राजनीतिक व्यवहार नेपाली राजनीतिमा देख्न सकिन्छ ।

### लोकगीतको प्रयोग र व्यवहार

लोकगीत लोकजीवनको ढुकढुकी हो, सुख र दुःख बिसाउने चौतारी हो । मेलापात जाँदा होस् या पँधेरामा पानी भर्न जाँदा होस् जताततै गाउँघरतिर सहज परिवेशमा गीत गुञ्जयामान हुन्छन् । लोकगीत लोकजीवनलाई जीवन्तता दिने व्यवहार हो । प्रस्तुत नाटकमा यस पक्षको स्वाभाविक सजीव चित्रण देखिन्छ ।

यहाँ पतिवियोगमा रहेकी ज्ञानुले आफ्नो दुःख र विरही बिसाउने बिसौनीका रूपमा गीतलाई लिएकी छिन् । उनी घाँस काट्दै एकान्तमा विरहयुक्त लोकगीत गाउँछिन् ।

> बारी खन्दा दिन रात मन पनि खन्दै छु म !
> मनमा फूल झरी सके काँडा सरी बन्दै छु म
> आँसु माथि पाइला टेक्दै मेलापात गर्दै छु म
> आफनै अश्रुधारा पिउँदै रित्तो मन भर्दै छु म (पृ.२८) ।

सुख होस् या दुःख दुवै क्षणका भावलाई सहज रूपमा गीतमार्फत् व्यक्त गर्नु नेपाली समाजको सांस्कृतिक व्यवहार हुन् ।

### सामाजिक सांस्कृतिक चलन र व्यवहार

नाटकको आरम्भमा नै सामाजिक-सांस्कृतिक चलनको प्रत्यक्ष निर्देश छ । पर्दा खुल्नुभन्दा अगावै *नेपथ्यमा मङ्गल ध्वनि गुञ्जन्छन्: मङ्गलम् भगवान् विष्णु मङ्गलम् गरुडध्वज, मङ्गलम् पुण्डरीकाक्ष मङ्गलाय तनोहरिः ।* नेपथ्यमा बज्ने मङ्गल ध्वनि र गुञ्जयमान यस श्लोकले कुनै वैवाहिक सांस्कृतिक व्यवहारलाई जीवन्त स्पष्ट पार्दछ । यसबाट दर्शकले नाटकीय कथ्य कुनै सांस्कृतिक व्यवहारबाट अघि बढ्ने सङ्केत पाउँदछ । यो जातीय पहिचानको आधार पनि हो । यसबाट प्रस्तुत नाटकको नाटकीय कथ्य कुनै ब्राह्मण या क्षेत्रीय परिवारसँग सम्बन्धित भएर अगाडि बढ्ने जानकारी पनि दिन्छ । *मञ्चको दायाँ भागमा ग्रामीण परिवेशको एउटा घर देखिन्छ । आँगनमा दुई पङ्क्तिका कुर्चीहरूमा एकापट्टि दुलाहापट्टिका र अर्कापट्टिका दुहलीपट्टिका आफन्तहरू लस्करै बसेका देखिन्छन् । दुलाहापट्टिका सबैको निधारमा राता अक्षताका टीका देखिन्छ (पृ.३)* । मञ्चमा मञ्चीय सामग्रीका रूपमा ग्रामीण परिवेशको एउटा घर देखिन्छ । यसले नाटकीय कथ्य ग्रामीण परिवेशमा घट्ने सङ्केत गर्दछ । ग्रामीण र सहरका घरलगायत अन्य मूर्त सांस्कृतिक अवस्थामा भिन्नता हुन्छ नै । यहाँ मञ्चमा ग्रामीण परिवेशको सांस्कृतिकता झल्कने गरी घरको दृश्य हुनुपर्ने निर्देश छ । त्यहाँ कुर्चीहरू पनि हुनुपर्ने उल्लेख छ । कुर्चीहरू पनि नाटकीय कथ्यअनुरूप सहरिया विलासीयुक्त प्रकृतिका कुर्ची नभई गाउँघरतिर सामान्य रूपमा पाइने कुर्ची हुनुपर्ने देखिन्छ । निधारमा रातो टीका र गलामा मालाले कुनै शुभ सांस्कृतिकतातर्फ इंगित गर्दछ । यी पात्र समाग्रीका रूपमा प्रयोग भएका टीका र मालाले नेपाली सामाजिक-सांस्कृतिक व्यवहारलाई जीवन्त पार्न सहयोग गरेको छ । *नजिकै अंखोराको पानी छर्कंदै* (पृ.६),*गाग्री बोकेर ज्योतिको प्रवेश* (पृ.३१), आदि सङ्केतले ग्रामीण परिवेशको चित्रण गर्दछ । अंखोरा र गाग्री विशेषतः ग्रामीण जनजीवनको व्यवहारसँग सम्बन्धित सामग्रीहरू हुन् । यस्ता सामग्रीको प्रयोगले नाटकीय घटनाक्रम जीवन्त र प्रभावकारी रूपमा प्रस्तुत हुन सक्छन् । यस्तै *ज्ञानु घाँसको भारी बिसाउँछे, ज्योति कुटो, कोदालो र हँसिया पिँडीमा फ्याँत्त फालेर रुन्चे मुख पारेर भित्र जान्छे* (पृ.३५) । यसमा पात्रले प्रयोग गर्ने पात्रसामग्रीजस्तै कुटो, कोदालो, हँसिया आदि खेतीकिसानीका लागि प्रयोग हुन्छ । ग्रामीण परिवेशको मुख्य धर्म र कर्म भनेकै खेतीकिसानी र

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 5, No. 2, July 2024. Pages: 263-271
ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)
DOI: 10.3126/ijmss.v5i2.69463

पशुपालन हो । यहाँ पात्रद्वारा गरिएका घाँस काट्ने, पानी बोक्ने आदि गतिविधिले नेपाली ग्रामीण जनजीवनको सांस्कृतिकता प्रकट गरेको छ । आँगन, पिंडी आदिजस्ता ग्रामीण ठेट शब्दले ग्रामीण सांस्कृतिक व्यवहारलाई थप प्रकाश पारेको छ ।

## जीवनशैलीमा प्रतिध्वनित सांस्कृतिकता

जनजीवनले जीवन व्यतीत गर्ने क्रममा विविध सांस्कृतिक व्यवहार गर्दछन् । नाचगान, खानपान, वेशभूषा आदिमा सांस्कृतिकता प्रतिध्वनित हुन्छ । नाटककारले प्रत्यक्ष रूपमा दिएका रङ्गनिर्देशमा यस्ता सांस्कृतिकता व्यक्त भएका पाइन्छन् ।

नाटकमा पति राजन सहर गएपछि उनकी पत्नी *ज्ञानु उभिएर बाहिर हेरिरहन्छे । धोतीको सप्कोले आँसु पुछेर फेरि हेरिरहन्छे* (पृ.१५) । यस रङ्गनिर्देशमा ज्ञानुले धोती नै लगाउनुपर्ने स्पष्ट सङ्केत छ । गाउँघरतिर आइमाईमान्छेले चोलो र धोती लगाउने सांस्कृतिकता यसले व्यक्त गरेको छ । पतिको मृत्युपछि ज्ञानुले सेतो धोती लगाउनुपर्ने संस्कृति र सांस्कारिकतालाई यस निर्देशले सङ्केत गरेको छ । *ज्ञानु विधवाको भेषमा पिँडीको खाँबो समातेर त्यसैमा टाउको अड्याएर रोइरहेकी देखिन्छे* (पृ.१७) । यसमा वेशभूषाका साथसाथै त्यसको रङ्गसामग्रीका सम्बन्धमा पनि सङ्केत दिइएको छ । नेपाली समाजमा विशेषतः रातो रङ्गयुक्त परिधानले शुभ र सेतो रङ्गले नीरसतालाई बोध गराउँदछ । यसकारण यहाँ वेशभूषाको सम्बन्धमा दिएको निर्देशले नेपाली संस्कृति र संस्कारगत अवस्थालाई पनि ध्यान दिइएको देखिन्छ ।

## नाटकीय निर्देश पक्षमा प्रतिध्वनित सांस्कृतिकता

नाटकलाई अन्य साहित्यिक विधाबाट पृथक् बनाउने तत्त्व नाटकमा अन्तर्निहित रहने नाटकीय निर्देश पक्ष हो । नाटककारले प्रत्यक्ष रूपमा दिएका रङ्गनिर्देश र नाटकीय कथ्यका माध्यमबाट प्रस्तुत हुने चारित्रिक विधान, वेशभूषा, रङ्गसामग्री आदिबाट पनि सांस्कृतिकताको अध्ययन गर्न सकिन्छ । रङ्ग सामग्रीलाई पनि मञ्च सामग्री र पात्र समाग्री गरी दुई प्रकारमा वर्गीकरण गरी अध्ययन गर्नुपर्ने हुन्छ । मञ्च सामग्री अन्तर्गत ती सबै वस्तुहरू आउँछन्, जुन मञ्चमा दृश्यरचनाको लागि आवश्यक हुन्छ जस्तै मेच, कुर्सी, पर्दा, फूलदानी, शंखदानी, ढोका सजाउने सामग्री आदि (राजहंस, १९९७, पृ.९७) । मञ्चमा दृश्यरचनाका लागि प्रयोग गरिने मञ्च सामग्रीबाट पनि सांस्कृतिक मौलिक सामग्रीको प्रकटीकरण
गरिन्छ । यसले नाटचप्रस्तुतिमा जातिगत सांस्कृतिक पक्षलाई जीवन्त रूपमा प्रस्तुत गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । पात्र सामग्रीअन्तर्गत त्यस्ता वस्तु आउँछन्, जसलाई पात्रले मञ्चमा अभिनय गर्दा आफ्नो साथमा लैजान्छन् । अभिनयका क्रममा त्यसलाई प्रयोग गर्दछन् (पूर्ववत्, पृ.९७) । प्रदर्शनका क्रममा प्रयोग गरिने रङ्गसामग्रीले नाटकीय कार्यव्यापारलाई जीवन्त र स्वाभाविकता दिनुका साथै यसले सांस्कृतिकता चित्रित गर्दछ ।

## निष्कर्ष

नाटककार वेदकुमारी न्यौपानेको *विचलित वर्तमान* (२०५८) नाटक एक सामाजिक नाटक हो । यसमा नेपाली जनजीवनको यथार्थता प्रस्तुत भएको छ । यस क्रममा नाटकीय घटनाक्रम र रङ्गनिर्देश दुवै आयामबाट नेपाली समाजको सांस्कृतिकता प्रकटीकरण भएको छ । गाउँघरका सुखदुःख, मेलापात, घाँसदाउरा, लिपपोत, लोकगीत आदि प्रसङ्गले जनजीवको सांस्कृतिक जीवनको झाँकीलाई प्रस्तुत गरेका छन् । विश्वनाथ र पण्डितजस्ता प्रगतिशील विचारधारा राख्ने पात्रहरूले कतिपय सामाजिक-सांस्कृतिक व्यवहारमा परिवर्तन चाहेका छन् । नाटकीय कथ्य गाउँले जनजीवनको आरोहअवरोहसँग सम्बन्धित भएकाले यहाँ पात्रले प्रयोग गरेका संवाद, तिनीहरूका गतिविधि, रङ्गसामग्री आदिले पनि नेपाली समाजको सांस्कृतिकतालाई जीवन्त रूपमा व्यक्त गर्न सफल भएको देखिन्छ ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 263-271**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69463**

## सन्दर्भ सामग्रीसूची

आचार्य, बाबुराम (२०५४). *नेपालको सांस्कृतिक परम्परा.* काठमाडौँ : श्रीकृष्ण आचार्य ।

उपाध्याय, केशवप्रसाद. (२०५८). 'मन्तव्य'. *विचलित वर्तमान.* काठमाडौँ : देवानन्द न्यौपाने ।

कक्षपती, सावित्री. (२०७४). *रङ्गकर्मी बालकृष्ण सम र उनको रङ्गशिल्प.* ललितपुर : साझा प्रकाशन ।

कक्षपती, (२०७६). 'समकालीन नेपाली कथामा सांस्कृतिकता'. *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.* काठमाडौँ : नेपाल प्रज्ञा-
प्रतिष्ठान ।

कार्की, गीता. (प्रधान सम्पा.). (२०६३). *अस्तिता.* काठमाडौँ : हिसि अफसेट प्रिन्टर्स प्रा.लि.

जोशी, हरिराम (२०२८). *नेपाली संस्कृति.* काठमाडौँ : हेमराज शाक्य ।

जोशी, हरिराम (२०३७). *हाम्रो संस्कृति.* काठमाडौँ : श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग ।

तुलाधर, प्रेमशान्ति र वज्रमुनि वज्राचार्य (२०७०). *नेवार जातिको अभौतिक संस्कृति.* ललितपुर : लोक साहित्य परिषद् ।

त्रिपाठी, वासुदेव र वल्लभमणि दाहाल (विशेष सम्पा.), (२०६९). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

न्यौपाने, वेदकुमारी. (२०५८). *विचलित वर्तमान.* काठमाडौँ : नेपाल टाइम्स प्रेस ।

न्यौपाने वेदकुमारी (२०५३). *एउटा कथाको अन्त्य.* काठमाडौँ : नेपाल साहित्यकार सङ्घ ।

पोखरेल, रामचन्द्र. (२०५८). 'नाटककार श्री अशेष मल्लसितको साहित्यिक **अन्तर्वार्ता.*अवलोकन.* पोखरा : अवलोकन साहित्य प्रतिष्ठान, पृ.१-३२ ।**

पौड्याल, षडानन्द (२०७९). *नेपाली आख्यानमा अमूर्त संस्कृति.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रभात, विष्णु (२०७९). *नेपाली संस्कृतिको विवेचना.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

**राजहंस, रमेश. (१९९७). *नाट्य प्रस्तुति : एक परिचय.* नई दिल्ली : राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।**